शिक्षा , स्वास्थ्य, सडक सिचाई विकासका पूर्वाधार
पारदर्शी, जवाफदेही, जनउत्तरदायी स्थानीय सरकार

# आर्थिक बर्ष २०७९/०८०

## नीति तथा कार्यक्रम

मिति :२०७९/०४/१२

## बुढीगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय

कुलदेवमाडौं, बाजुरा

प्रस्तुतकर्ता
राम बहादुर बानियाँ
नगरप्रमुख

CamScanner

आदरणीयनगर उप-प्रमुख ज्यू, आदरणीय अतिथिज्यूहरु, कार्यपालिका तथा नगरसभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू , संघ संस्था प्रमुख तथा प्रतिनिधिहरु, रास्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मी लगायत नगरवासी आमा बुवा, दाजुभाई, दिदीबहिनी आम जनसमुदाय !

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट आर्थिक(सामाजिक न्यायसहितको समाजवाद उन्मुख समतामूलक, सबल र समृद्ध नगर निर्माणका लागि बुढीगंगा नगरपालिकाले लिएको शिक्षा, स्वास्थ्य, सडक र सिचाई विकासका पूर्वाधारपारदर्शी, जवाफदेही जनउत्तरदायी स्थानीय सरकार भन्ने दीर्घकालीन सोच पूरा गर्न प्रतिबद्ध रही यस सम्मानित सभामा आर्थिक वर्ष २०७९र८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसीको अनुभूति गरेको छु यो महत्त्वपूर्ण अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण नगरवासी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२. मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि पटक पटक गरिएका ऐतिहासिक आन्दोलनका क्रममा जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न गर्न सलग्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारी राजनीतिक दल र आम मतदातालगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु। निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरूमा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

४। समृद्ध नेपाल, सुखी नेपाली को दीर्घकालीन सोच हासिल गर्न समृद्धि र सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्यहरू प्राप्तिका लागि आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम परिलक्षित हुने छ। नेपालको संविधानमा निर्दिष्ट राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, नेपाल सरकारको पन्धौ आवधिक योजना, शुदुरपश्चिम प्रदेश सरकारको पहिलो आवधिक योजनाको आधार पत्र, नेपाल सरकार र शुदुरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति, कार्यक्रमलाई आधार मानी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। जसबाट समृद्ध बुढीगंगा पौरखी बुढीगंगावासीको मान्यता साकार हुने विश्वास लिइएको छ ।

५. उर्भरभुमीका रुपमा आफ्नो परिचय बनाउन सफल बुढीगंगा नगरपालिकामा प्रचुर अवसर र सम्भावना हुँदाहुँदै पनि विकासको सन्दर्भमा विगत पाँच वर्ष त्यति सन्तोषजनक हुन नसकेको परिप्रेक्षलाई ध्यानमा राख्दै यस नगरपालिकाको उपलब्ध साधनस्रोत, प्राप्त अवसर र सम्भावनालाई अधिकतम रुपमा उपयोग गर्दै यहाँका विज्ञ व्यक्तित्वहरुको विज्ञता र सुझावलाई शिरोपर गरी नागरिकका तमाम आवश्यकता र अपेक्षाहरुलाई समेट्दै सीमित स्रोतसाधनबाट पूरा गर्न सकिने

महत्वकाँक्षी योजना सहितको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्ने अनुमती चाहान्छु ।

६. शिक्षा तथा संस्कृतिको विकास

- "समृद्ध बुढीगंगा नगरवासीको ईच्छा, सीपयुक्त जनशक्ति, रोजगारमुलक र प्रविधिमैत्री शिक्षा" प्रत्येक नागरिकलाइ आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क र माध्यामिक शिक्षामा पहुँच सुनिश्चित गरिनुका साथै कक्षा ११ र १२ अध्ययनका लागि विद्यालयले लिने शिक्षण शुल्क वापतको रकम छुट गरिनेछ ।
- शैक्षिक क्षेत्रको सुधारका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको प्रवन्ध गरिनेछ रविद्यालय शिक्षामा गुणस्तर सुधारका लागि नगरस्तरिय शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- बुढीगंगा नगरपालिकाका साविकका तीनवटा गाउ विकास समितिमा रहेका चारवटामाध्यमिक विद्यालय (पशुपति मा.वि., भानोदय नमुना मा.वि., श्री त्रिशक्ति मा.वि. तथा थुमा मा.वि.) मा कक्षा शिशु कक्षादेखि १ कक्षा सम्म अंग्रेजी माध्ययमबाट पठनपाठन सुरु गरी त्यसको प्रभावकारीताका आधारमा नगरभरीका सबै विद्यालयहरुमा पाँच वर्षभित्र अंग्रेजी माध्ययमबाट कक्षा १ देखि ५ सम्म पठनपाठन सुरु गरिनेछ ।
- अंग्रेजी माध्यममबाट पठनपाठन सुरु गर्ने प्रत्येक विद्यालयलाई एक विद्यालय एक अंग्रेजी शिक्षक दरबन्दी प्रदान गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकहरुको दरबन्दी मिलान गरिनेछ । इसिडी सकाहरुको दरबन्दी एक विद्यालय एक इसीडि सका गरी शिक्षकहरुको कार्यविधि निर्माण गरी आन्तरिक सरुवा गरिनेछ ।
- श्री त्रिशक्ति मा.वि. तथा पशुपति मा.वि.मा छात्रबासका लागि विशेष पहल गरिनेछ ।
- बुढीगंगा नगरपालिकाका सबै विद्यालयहरुमा स्काउट शिक्षा अनिवार्य गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना तथा अन्य शैक्षणिक योजनाहरु निर्माण गर्न लगाइ कार्यान्वयन पक्षलाइ प्रभावकारी वनाउन विद्यालय अनुगमन तथा सुपरीवेक्षणमा विशेष जोड दिइनेछ ।
- विद्यार्थीको उच्चतम सिकाइ उपलब्धि हाँसिलका लागि विद्यालयमा आवश्यक शिक्षक दरवन्दिको व्यवस्थापन सहित मौजुदा शिक्षकहरुको क्षमता विकासका लागि विभिन्न तालिम लगायत अन्य कार्यक्रमहरु संचालन गरिनेछन् ।



CamScanner

- शिक्षामा सुचना प्रविधिको पहुँच सुनिश्चित गर्न विद्यालयमा इन्टरनेट सेवाको विस्तारका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।
- शिक्षकलाई कार्ययोजना सहित कक्षाकोठामा प्रवेशका लागि शिक्षक डायरी र विद्यार्थीहरुका लागि गृहकार्य डायरी निर्माण गरी अनिवार्य रुपमा लागु गरिनेछ ।
- स्वस्थ्य शरीरमा स्वस्थ्य मष्तिस्कको निर्माणका लागि स्वास्थ्य शिक्षामा विशेष जोड दिइनुका साथै विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम संचालन तथा व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्यका लागि खेलकुद र राष्ट्रका लागि खेलाडी भन्ने मुलमन्त्रका साथ विद्यालय स्तरमा विभिन्न किसिमका खेलकुदका कार्यक्रमहरु संचालन गर्न नगरस्तरमा खेलकुद शिक्षकको व्यवस्थापन गरी प्रशिक्षण गराइनेछ ।
- स्थानीय लोक संस्कृति र सांगितिक क्षेत्रको उजागर गरी विद्यार्थीहरुको प्रतिभा प्रस्फुटनका लागि नगरस्तरमा संगित तथा नृन्य प्रशिक्षणका लागि शिक्षकको व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा संचालित दिवाखाजा कार्यक्रमलाइ थप व्यवस्थित गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।
- आफ्ना वालवालिकाहरुको प्रभावकारी सिकाइका लागि अभिभावकहरुलाई जिम्मेवार वनाउन विभिन्न किसिमका लक्षित कार्यक्रमहरु संचालन गरिनेछन्, साथै उत्कृष्ट शिक्षक, अभिभावक र विद्यार्थीहरुलाइ पुरस्कृत गरिनेछ ।
- प्रत्येक विद्यालयमा अनिवार्य ई हाजिरीको व्यवस्था गरिनेछ । विद्यालय क्षेत्रमा आवश्यकताका आधारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ ।
- दक्ष शिक्षक र सक्षम जनशक्ति उत्पादनका लागि शैक्षिक नेतृत्व विकास गर्न सम्पुर्ण विद्यालयका प्रधानाध्यापकहरुसंग कार्यसम्पादन करार सम्झौता गर्ने र विद्यालयका शिक्षकहरुसंग प्रधानाध्यापकलाई करार सम्झौता गराइ सिकाइ उपलव्धि बृद्धि गर्ने जस्ता योजनाहरु कार्यान्वयनमा ल्याइनेछ।
- विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई समेत विद्यालयमा झिकाउने, सिकाउने, टिकाउने, विकाउने जस्ता क्रियाकलाप संचालन गरिनेछन् ।
- आधुनिक र प्रविधिमुलक कृषि शिक्षामा जोड दिदै सिकाइ संगै कमाइ जस्ता कार्यक्रमहरु संचालन र विस्तार गरिनेछन् ।
- प्रत्येक विद्यालयमा कम्तिमा एक प्रारम्भिक वालविकास शिक्षाका कक्षाहरु अनिवार्य रुपमा व्यवस्थापन गरिनेछ ।

- विद्यार्थीको सर्वाङ्खिण विकासका लागि विभिन्न किसिमका प्रतिष्प्रधात्मक क्रियाकलाप संचानमा जोड दिइनेछ ।
- शिक्षामा सवैको पहुँच सुनिश्चित गर्न महिला, दलित, जेहेन्दार र कमजोर पारीवारिक स्थिति भएका विद्यार्थीहरुलाइ उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्थापन गरिनेछ ।
- स्थानीय सिप विकास तथा सहकारीतामुलक संस्कृतिको प्रवद्धनका लागि भौगोलिक विविधताको पहिचान सहित आय आर्जनमा सघाउने स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- समुदायमा सिकाईका अवसरहरु सुनिश्चित गरी आयआर्जनमा योगदान दिन सक्ने जनशक्ति उत्पादनका लागि सञ्चालित ३ वटै सामुदायिक सिकाइ केन्द्रहरुलाइ नमुना सिकाइ केन्द्रका रुपमा स्थापित गरिनेछन् ।
- बडिमालिका क्याम्पसमा स्नातक तहमा प्राविधिक (विएस्सी भेट) धार संचालन गरिनेछ र अन्य धारमा स्नातकोत्तर तह अध्ययनका लागि विशेष पहल गरिनेछ ।
- विद्यार्थीको अंग्रेजी, ,गणित र विज्ञान विषयको सिकाइ उपलव्धि वृद्धिका लागि वडास्तरमा शिक्षण सहायता कक्षाहरु संचालन गरीनेछन् ।
- बजारमाग अनुसारको जनशक्ति उत्पादन गर्न विभिन्न किसिमका सिपमुलक तालिमहरु संचालन गरीनेछन् र विभिन्न श्रम वजारमा खपत भइ यूवाहरुलाइ स्वरोजगार वनी जीविकोपार्जनमा सहजता ल्याइनेछ ।
- विविधताको सम्वोधन हुने गरी विद्यालयमा जोखिम रहित पूर्वाधारहरुको विकास तथा निर्माण कार्यमा जोड दिइनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाइ व्यवस्थित र प्रभावकारी वनाउन प्रयोग गरिने शैक्षिक सामाग्रिहरु निर्माण तथा व्यवस्थानका लागि आवश्यक पहल गरिनेछ ।
- साविकका तीन वटा गा।वि।स।मा रहेका माध्यामिक विद्यालयहरुलाई आवाशिय तथा नमुना विद्यालयको रुपमा संचालनका लागि विशेष पहल चालिनेछ ।
- विद्यालयको शैक्षिक क्षति कम गर्नका लागि विभिन्न किसिमका महामारी तथा विपदजन्य प्रकोपहरुको व्यवस्थापन तथा न्युनिकरणका लागि पुर्व प्रतिकार्य योजनाहरु निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- माध्यामिक तह उत्तिर्ण गरेका जनशक्तिहरुलाइ सरकारी सेवामा प्रवेश गराउने उद्देश्यकासाथ नगरस्तरमा निशुल्क लोकसेवाका कक्षाहरु संचालन गरिनेछन् ।

- समग्र शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा क्षेत्रका विज्ञहरु संग निरन्तर रुपमा समन्वय र सहकार्य गरी शिक्षक, विद्यार्थी र अभिभावकहरुसंग अन्तक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।
- हाम्रो विद्यालय राम्रो विद्यालय , हामि सिक्नेछौ अरुलाइ सिकाउनेछौ, आफ्नो खुट्टामा आफै उभिनेछौ भन्ने उक्तिकासाथ विद्यालयमा रमणीय वातावरण सिर्जना गर्दै वालमैत्री र विविधताको सम्वोधन सहित शिक्षण गर्ने व्यवस्थाका लागि विविध पहलहरु चालिनेछन् ।
- मन हुनेको धन हुँदैन भन्ने उखानलाई परिवर्तन गर्दै आर्थिक अभावमा उच्च शिक्षा अध्ययन गर्न वञ्चित जेहेन्दार तथा गरिव विद्यार्थीहरुलाई शैक्षिक प्रमाण पत्र धितो राखेर नगरपालीका शैक्षिक विकास कोषवाट सहुलियत कर्जा प्रदान गरिनेछ जसको साँवा तथा व्याज वापतको रकम अध्ययन सकिएपछि किस्तावन्दीमा तिर्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।
- यस नगरपालीकाको सामुदायीक विद्यालयवाट एस ई ई उतिर्ण गर्ने मध्ये सवै क्षेत्रमा उच्च शिक्षा आर्जन गर्न चाहने एक एक जना गरिव तथा जेहेन्दार विद्यार्थीलाई बुढीगंगा शैक्षिक छात्रवृत्ति प्रदान गरिनेछ ।
- जसको कोई छैन, उसका लागि स्थानीय सरकार भन्ने नारा सहित टुहुरा वालवालिकाको मा वि सम्मको सम्पुर्ण पढाई खर्च नगरपालीकावाट व्यहोर्नेगरी पुर्णतया निशुल्क गरिनेछ ।
- नगरप्रमूख तथा उपप्रमुखको पारिश्रमिकबाट १० प्रतिशत काटिने गरी बार्षिक ६ जना छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- नगरभित्रका सबै माध्यामिक विद्यालयहरुमा आइटील्याव स्थापना गरी संचालन गरिनेछ ।
- फरक प्रतिभा भएका बालबालिकालाई शिक्षा प्रदान गर्दै आएका विद्यालयहरुलाई विशेष अनुदान प्रदान गरी अझ बढी परिस्कृत बनाइनेछ ।
- कन्सर्न बाजुरा तथा फरक क्षमता भएका बालबालिकाहरुलाई अध्ययन अध्यापन गराइरहेको थुमा मा.वि. अवस्था हेरी आवश्यकताका आधारमा सहयोग प्रदान गरिनेछ ।
- अहिलेसम्म चौमासिक रुपमा तलव भत्ताको व्यवस्था भएकोमा पहिलो त्रैमासिक बाहेक शिक्षकहरुलाई प्रत्येक महिना तलब भत्ताको व्यवस्था गरिनेछ ।
- इतिहास तथा पुरातत्विका अध्ययन केन्द्र स्थापना गरिनेछ ।

**७.स्वास्थ्य, सरसफाइ र खानेपानी**

- पाच वर्षमा एक घर एक धारा अभियान संचालन गरी नगरक्षेत्र भित्रका सम्पूर्ण बासिन्दाहरुलाई सुरक्षित तथा स्वच्छ पानीको पहुँचमा पुर्याईनेछ ।

- पहिलो चरणमा नगरपालिकाभित्रका सबै कार्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।
- जलवायु परिवर्तनको असरका कारण खानेपानीका मुहानहरु सुक्दै गैरहेको अवस्थामा हाल देखिएको खानेपानीको अभावलाई पूर्ति गर्न ठुला नदी र पानीका श्रोतहरुबाट लिफ्ट प्रणालीबाट खानेपानी आपूर्तिको व्यवस्थामा जोड दिईने छ । पहिलो चरणमा बसाली, ताप्रा, बानेगाउँ, कोट, माथिल्लो कुँडी, बजेडी र सराप्लाको सम्भाव्यता अध्ययन गरी तत गाउहरुमा खानेपानी व्यवस्था गरिनेछ ।
- पानीको व्यवशायिक उत्पादन र स्थानीय स्तरमा रोजगारी प्रबद्र्धनका लागि पानी उद्योग स्थापना गर्न नीजि र सार्वजनिक लगानीलाई प्रोत्साहन गरिने छ । नगरभित्र खानेपानी उद्योग संचालन गर्ने उद्यमीहरुलाई दुई वर्षसम्म कर मिनाहा गरिनेछ ।
- नगरपालिकाको सवै वडाको टोल टोलबाट ढल निकासको व्यवस्था गरिनेछ र टोल टोलमा फोहर व्यवस्थापन टिम खटाई फोहोर व्यवस्थापन गरिनेछ । वडा नं. १० को सिगाडाटोल, वडा नं. ८ को देवलसैन र बानियाँवाडामा ढल निकासको व्यवस्था गरिनेछ ।
- सडक पहुचका सबै बजारहरुमा कुहिने र नकुहिने फोहोरको संकलनका लागि ठूला डस्टविनको व्यवस्था गरी १५ दिनमा नगरको टिप्परबाट फोहोर उठाई डम्पिङ साइडमा व्यवस्थान गरिनेछ ।
- टोल सरसफाईका लागि प्रत्येक वडाको केन्द्रमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ । पहिलो चरणमा बेतालमाण्डौ, रिठा बजार, मालिका बजार, बाम्काबजार तथा ताप्रीशेरा बजारमा प्रतिक्षालयसहितको शौचालय निर्माण गरिनेछ ।
- नगरपालिका क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माण गरिने छ भने प्रत्येक वडामा स्वास्थ्य इकाई निर्माण गरी स्वास्थ्य चौकीमा एम्बुलेन्स तथा गम्भिर प्रकृतिका विरामीका लागि एयर एम्बुलेन्सको व्यवस्थाको लागि कोषको व्यवस्थापन गरिनेछ ।
- गम्भिर प्रकृतिका रोगी जस्तै मुटु, कलेजो, नसा सम्वन्धी विरामीको लगत संकलन गरी कम्तिमा वर्षमा दुई पटक नगरपालिका भित्र विशेषज्ञ डाक्टर झिकाई स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- गेटा आँखा अस्पतालको शाखा बुढीगंगा नगरपालिका वडा नं. ५ मा रहेको टाँटे स्वास्थ्य चौकीबाट सेवा सुचारु भईसकेको छ ।
- हाम्रो अस्पताल राम्रो अस्पताल भन्ने नाराका साथ हालको टाँटे स्वास्थ्य चौकीको स्तरोन्नती गरिनेछ ।



CamScanner

- १५ सैयाको अस्पताल निर्माणका लागि उपयुक्त स्थानको छनौट गरी यथाशीघ्र निर्माण कार्य अगाडी बढाइ सामुदायिक अस्पतालका रुपमा अगाडी बढाइनेछ ।
- रोगदेखि डराउनु पर्दैन उपचार नपाई कोही मर्दैन भन्ने अभियानका साथ सवै नागरिकको अनिवार्य स्वास्थ्य विमाका लागि प्रोत्साहन गरिनेछ भने अति गरिव तथा विपन्न परिवारको स्वास्थ्य विमा नगरपालीकाले गर्नेछ साथै थप उपचारका लागी वाहिर लैजानु पर्ने भएमा सो का लागी स्वास्थ्य उपचार कोष स्थापना गरी उक्त कोषवाट आर्थिक सहयोग उपलब्ध गराईनेछ । यसवाट पैसाको अभावमा उपचार गर्न नसकि मृत्यु रोज्नुपर्ने अवस्थाको पुर्णतया अन्त्य गरिने छ ।
- सफा गाउँ तथा नगर, हामी सवैको रहर भन्ने अभियानका साथ फोहरलाई फाल्ने हैन संकलन गर्ने वानीको विकास गरी कुहिने फोहोरलाई मल र नकुहिने फोहोरलाई प्रसोधन गरी फोहोरलाई मोहरमा वदल्ने कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
- दीर्घरोगीहरुको प्रकृति हेरी नगरले उपचारको व्यवस्था मिलाउनेछ ।
- बुढीगंगा नगरपालिका वडा नं. २ को मुसी, वडा नं. १ को धुरालसैन, अम्कोटमा तथा वडा नं. ९ को जुवापानीमा निर्माण भइसकेको सहरी स्वास्थ्य इकाइमध्ये धुरालसैनमा प्रसुती सेवा तथा अन्य सबै सहरी स्वास्थ्य इकाइहरुमा ओपिडी सेवा तत्काल संचालन गरिनेछ ।
- वैकल्पिक उपचार पद्दतिको विकास गर्न प्राकृतिक तथा आयुर्वेदिक चिकित्सा प्रणालीको अभ्यास गरिनेछ । साथै स्वस्थ्य जीवन यापनलाई प्रोत्साहन गर्न वर्षमा दुई पटक योग अभ्यास शिविरहरु संचालन गरिनेछ ।

## ८. मानव संशाधन तथा युवा स्वरोजगार

- नेपाल सरकारले संचालन गरेको युवा स्वरोजगार कार्यक्रम अन्तरगत कार्यक्रमलाई थप प्रभावकारी तथा नतिजामुखी वनाउन नगरपालिका भित्रका सम्पुण बेरोजगार युवाको लगत संकलन गरी नगरको आवश्यकता अनुसार विभिन्न सीपमुलक व्यवसाय हाउस वायरिङ, ड्राईभिङ, बास निगालाका सामग्री निर्माण, माटाका भाँडा निर्माण, मौषमी तथा बेमौसमी तरकारी खेती व्यवसायका लागि तालिम संचालन गरी रोजगारीको प्रवर्द्धन गरिनेछ ।
- नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी तथा लोकसेवा आयोगका तयारी कक्षाहरु नियमित संचालन गरिनेछ ।
- हाम्रो योग्यता, हाम्रै नगरको विकासका लागि भन्ने नाराका साथ शिक्षित वेरोजगार युवाहरुलाई उनीहरुको योग्यता र क्षमताका आधारमा वुढीगंगा विकास स्वयंसेवक नियुक्त गरी निर्वाह भत्ताको व्यवस्था गरेर परिचालन गरिनेछ यसवाट उनिहरुलाई काम सिक्ने

अवसरको सृजना हुनेछ भने नगरपालीकालाई आवश्यक जनशक्तिको पदपुर्ति मार्फत विभिन्न किसमको सेवा प्रवाहलाई प्रभावकारी वनाईनेछ ।

- तपाँईको मेहनत, हाम्रो लगानी स्वरोजगार अनुदान कोषको स्थापना गरी व्यवसाय गर्न चाहने युवा तथा लोक सेवा आयोग मार्फत सरकारी सेवामा प्रवेस गर्न चाहने युवाहरुलाई व्यवसाय प्रमाणपत्र वा शैक्षिक प्रमाणपत्र धितोको आधारमा सुन्य ब्याजदरमा निश्चित अवधिको लागी कर्जाको व्यवस्था गरिनेछ । यसवाट लगानीको अभावमा वेरोजगार भएका युवाहरुलाई स्वरोजगार वन्न ठुलो सहयोग पुग्नेछ ।
- स्वरोजगार युवाको सम्मान, नगरवासीको पहिचान भन्ने अभियानका साथ वेरोजगार युवाहरुलाई स्वरोजगारमुलक तालिम उपलव्ध गराई तालिम पश्चात व्यवसाय शुरु गर्नका लागी व्यवसायको प्रकृतिको आधारमा निश्चित रकम वीउ पुँजी अनुदान स्वरुप एकमुष्ट उपलव्ध गराउने व्यवस्था गरिनेछ ।
- मेरो सिप मेरो रोजगारीको आधार भन्ने नाराका साथ वुढीगंगा सिप विकास केन्द्रको स्थापना गरी विभिन्न किसिमका स्वरोजगारमुलक सिपहरुका लागि विभिन्न किसिमका तालिमहरु उक्त केन्द्रवाट संचालन गरीं उद्यम गर्न चाहने सवै नागरिकलाई उचित तालिमको अवसर प्रदान गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमले ९० दिनको रोजगारी ग्यारेन्टी गरेको छ । यस नगरपालिकामा नगरप्रमुख रोजगार कार्यक्रम संचालन गरी थप रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- हाम्रो गौरवमय संस्कृतिका रुपमा रहेको पञ्चेवाजाको संरक्षण, प्रवद्र्धन तथा व्यवसायिकताका लागि पञ्चेवाजा समूह (व्याण्ड) निर्माण गरी संचालन गरिनेछ ।
- नेपाल सरकार, उद्योग मन्त्रालय, औद्योगिक महाशाखा, सुदूरपश्चिम प्रदेश सरकार र बुढीगंगा नगरपालिकाको साझेदारीमा बुढीगंगा नगरपालिकाको वडा नं. ५ र ६ को उपयुक्त स्थानमा बुढीगंगा औद्योगिक ग्रामको स्थापना गरिनेछ ।

## ९. प्राकृतिक स्रोत व्यवस्थापन

- नगरक्षेत्र भित्रका सम्पुर्ण वन क्षेत्रको संरक्षण र सदुपयोगका लागि आवश्यक नीति तयार गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय स्तरमा रहेको खनिज खोलामा रहेको गिट्टी, बालुवा, जलाधार क्षेत्रको अधिक्तम संरक्षण तथा सदुपयोग योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- यस बुढीगँगा क्षेत्रमा रहेको खनिज खानीहरुका लागि गहिरो अध्ययन तथा अन्वेषण गरिनेछ ।



CamScanner

- नगरभित्रका सार्वजनिक ,धार्मिक तथा निजी क्षेत्रका नाममा खाली रहेको जमिनको सम्बर्दन गर्दै उत्पादनशिल कार्यमा उपयोग गरी मनग्ने रुपमा आम्दानी गर्ने कार्यमा भुमिहिन समुदायलाई परिचान गरिनेछ ।
- बुढीगँगा नगर क्षेत्र भित्रका सामुदायिक, कवुलियती र राष्ट्रिय वनको संरक्षण र त्यसको प्रबर्धनमा जोड दिईने छ । नगरभित्रका तीनवटा सामुदायिक तथा कबुलियती वनलाई नमूना वनका रुपमा अगाडी बढाइनेछ ।
- तटबन्धनलाई उच्च प्राथमिकता दिई भुक्षयीकरणलाई रोक्न कार्यक्रम संचालन गरिनेछ ।
- अवको वन हामी सवैको धन भन्ने नाराका साथ नगरपालीका भित्र रहेका सम्पुर्ण नीजि, सामुदायीक, कवुलियती, तथा राष्ट्रिय वनमा गैर काष्ठ वन पैदावारहरु जस्तै रिठा, टिमुर, भकामिलो, अमला, अलैचि, हर्रो, वर्रो, लप्सी, वाँस, अम्रिसो जस्ता वालीहरुको वृक्षारोपण कार्यलाई अभियानका साथ अघि वढाउँदै वनजंगलको संरक्षण गर्दै कृषकहरुलाई आम्दानीसँग जोड्ने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- सामुहिक कृषी प्रणालीको सुरुवात गरी नगद कृषि कार्यक्रमहरु संचालन गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ । १० वटै वडामा १ वडामा १ एउटा ठूलो कृषी तथा पशुपालन फर्मको स्थापनालाई प्रोत्साहन गरिनेछ ।
- वडा नं. २ र ३ मा रहेको ताप्रीशेरा गुईगाडमा नगरले क्रसर उद्योग संचालन गरी ठूलो रोजगारीका अवसर सृजना गरिनेछ ।
- बुढीगंगा नगरपालिकाभित्र रहेका सबै पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

**१०.यातायात तथा पुर्वाधार विकास**

- वाह्रै महिना सरर, गाडी चढ्ने नगरवासीको रहर भन्ने प्रतिवद्धताका साथ नगरपालिकाको सम्पूर्ण वडामा नजिकको राजर्मागबाट सडकको स्तर उन्नती गरी सडक निर्माण गरिनेछ । पहिलोचरणमा फालासैन र बाम्क दुवै ठाउँबाट नगरपालिका आउने सडक, ताप्रीशेराबाट साविकको गाविस भवन तथा बेतालमाण्डौबाट देवलसैन स्वास्थ्य चौकीसम्म पुग्ने सडकलाई कालोपत्रे गरिनेछ ।
- बृहत् चक्रपथको बैज्ञानिक योजना अनुसार चक्रपथ निर्माणको गुरुयोजना तयारी गरिनेछ । जनताको व्यापक जनसहभागितामा यसको कार्यान्वयन गरिने छ । वडा नं. ९ को गैरिखाददेखि वडा नं. २ को कुडीलाई जोडिनेछ ।
- वडा नं. ५ को नुवाघरदेखि निमिनीसम्म नयाँ सकड निर्माण गरिनेछ ।



CamScanner

- पुराना हुलाकहरुलाई आधुनिकीकरण गरि टेलिसेन्टरमा रुपान्त्ररण गर्दै प्रत्येक वडामा चुस्त तथा गुणस्तरीय इन्टरनेट सेवा संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र नगरवस, फोहर व्यवस्थापन गर्न गाडी, विरामीको लागि एम्वुलेन्स र सव बहानको सेवा प्रदान गरिनेछ ।
- व्यवस्थित एकिकृत बजार, आम्दानीको आधार भन्ने नाराका साथ प्रत्येक वडा कार्यालय आसपासमा जमिनको उपलव्धता हेरी एक वडा एक एकिकृत वजारको अभियान शुरु गरिनेछ । यसमा तालिम गोष्ठी संचालनका लागि सुविधा सम्पन्न तालिम हल, खाने वस्ने सुविधा सहितको होटेल, तरकारी तथा फलफूल पसल, मासु तथा दुधजन्य उत्पादन विक्रि गर्ने पसल, किराना पसल, मेडिकल, एग्रोभेट, फेन्सी पसल लगायतको एकिकृत सेवा उपलव्ध गराउने गरी एकिकृत वजारको विकास गरिनेछ यसका लागि नगरपालीकाको तर्फवाट आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- फालासैनलाई व्यापारिक केन्द्रको रुपमा विकास गरिनेछ भने उपयुक्त स्थानको छनौट गरी हाट बजार निर्माण गरिनेछ ।
- व्यवस्थित भौतिक पुर्वाधार, नागरीक सेवाको आधार भन्ने मान्यताकासाथ नगरपालीकाको प्रशासनिक भवन, कर्मचारी आवास तथा निर्माण हुन वाँकि वडाका सवै वडा कार्यालयको निर्माण कार्य सम्पन्न गरी नागरिकलाई सहज र गुणस्तरीय सेवा प्रवाह गर्ने गरी आवश्यक व्यवस्था मिलाईने छ ।
- नियमित आम्दानीको स्रोत बढाउनका लागि २०० जना अट्ने क्षमताको वुढीगंगा सभाहल तथा चमेनागृह निर्माण कार्य अघि वढाईनेछ ।
- छ महिनाभित्र नगरको नगर प्रोफाइल निर्माण गरिनेछ ।
- बुढीगंगा नगरपालिका भित्र रहेको सबै लघु जलविद्युत आयोजनाहरुलाई एउटै ग्रीड बनाई सबै वडामा वितरण गरिनेछ । साथै आवश्यकताका आधारमा राष्टिय प्रसारण लाइनको पनि बिस्तार गरिनेछ ।
- भौगोलिक अनुकूलतालाई मध्येनजर गरी नगरभित्रका पदमार्गहरुलाई मोटरमार्ग (साइकल तथा मोटरसाइकल मात्र संचालन हुने) को रुपमा विकास गरिनेछ ।

## ११. पर्यटन तथा खेलकुद

- पर्यटकिय गन्तव्यलाई खप्तडदेखि वडीमालिका, वडीमालिका देखि रारा हुदै मानसरोवर जाने ट्रेकिङ्ग रुटको विकास तथा विस्तारका लागि आवश्यक पहल संगै पदमार्ग संग जोडिने गतिविधि संचालन गरि पर्यटन व्यवसायलाइ प्रवद्र्धन गरिनेछ ।

- पुरातात्वीक महत्वका क्षेत्रहरु वयलचाका, कौडाकोट, वार्जुकोट, कुडीकोट, चुल्ठेदेवि, कुच्चेकोट जस्ता ऐतिहाँसिक स्थलहरुको संरक्षण तथा पुरातात्वीक विषयको खोजलाई सम्बन्धित निकायको समन्वयमा अगाडी वढाईने छ र नगरपालिकाको पर्यटण गुरु योजना तयार गरी यसको कार्यान्वयनमा जोड दिइने छ ।
- नगरपालिकाको विभिन्न वडामा रहेका फरक भेषभुषा तथा परम्परा सस्कृति झल्किने खालका चाडपर्वहरुको संरक्षण गरी त्यसको सम्बर्धनका लागि पर्यटनसंग जोडिने छ ।
- यस नगरपालिकाको क्षेत्र भित्र पर्ने विभिन्न धार्मिक स्थलहरुको संरक्षण र प्रबर्धनको गुरुयोजना वनाई संरक्षण र प्रबर्धनको कार्य गरिने छ । धार्मिक आस्था र विश्वास कायम राख्दै पर्यटन प्रबर्धनमा जोडदिइने छ ।
- बार्जुकोटको पहिचान, पुर्खाको सम्मान भन्ने भावनाका साथ सार्वजनिक नीजि साजेदारी अवधारणामा बार्जुकोट दरवार संग्राहालयको डिपिआर तयार गरी पुर्ननिर्माणको कार्य अगाडी वढाईनेछ । त्यसै गरी कुँडीकोट दरवारको समेत पुर्ननिर्माण गरी ऐतिहाँसिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी उत्कृष्ट पर्यटकिय गन्तब्यको रुपमा विकास गरिनेछ ।
- खेल क्षेत्रको विकास तथा विस्तार गर्दै युवाहरुलाई व्यवसायिक रुपमा खेलमा लगाउनका लागि साविकको तीनवटै गाउ विकास समितिमा एउटा एउटा बहुउद्देश्यीय खेलकूल मैदान निर्माण गरी व्यवसायिक रुपमा प्रशिक्षण तथा तालिम नियमित रुपमा संचालन गरिनेछ ।
- खेलको विकास तथा विस्तार गरी व्यवसायीक खेलाडी उत्पादनलाई प्रोत्साहन गर्न नगरमा एकजना खेल प्रशिक्षक नियुक्त गरिनेछ । निजले नगरभित्र रहेका सबै विद्यालयहरुमा प्रशिक्षण तालिका बनाई नियमित रुपमा प्रशिक्षण गर्नुपर्नेछ ।
- पशुपति मा.वि.को खेलमैदान, सैनचौर, वडा नं.९ को बारमतोला, भट्टेचौर लगायतका खेलकूद मैदानहरुको डिपिआर तैयार गरी अन्तर्राष्टिय स्तरका खेलकूद मैदान निर्माण गरिनेछ ।
- एक वडा एक खेल मैदान निर्माण गरिनेछ ।

## १२. वस्ती विकास तथा सहरीकरण

- नगरपालिकाको प्रत्येक वडाको शहरीकरणको आवश्यक नक्साँकन गरि सोही अनुसार मापदण्ड पुर्याएर भवन निर्माण आचार संहिता अवलम्वन गरिनेछ ।
- समुदायमा आधारित विपद् व्यवस्थापन संञ्जाल विस्तार गरेर सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । बाढी, पहिरो, भुकम्प चट्याङ, आगलागी आदी जस्ता प्रकोपबाट बच्न र बचाउन सवै संयन्त्र तत्काल परिचालन गर्न सकिने गरि खोज तथा उद्धार र पुर्व सुचना प्रणाली स्थापीत गरि विपदको जोखिम न्युन्नीकरण कार्य गरिनेछ ।

- वुढीगंगा नमुना वस्ति, हाम्रो समृद्धि भन्ने अभियानका साथ नमुना वस्ति विकास कार्यक्रम मार्फत उपयुक्त स्थानहरुको पहिचान गरी सार्वजनिक निजी साझेदारी अवधारणा अन्तरगत जग्गाको एकिकरण मार्फत सुपथ मुल्यमा आकर्षक घडेरी उलव्ध गराउने गरी नमुना वस्ति विकास कार्यक्रम शुरु गरिनेछ ।
- साँफे मार्तडी सडक खण्डमा पर्ने बुढीगंगा नगरपालिकाभित्रको जमिनलाई लगतकट्टी गरी जग्गाधनीलाई लालपूर्जा दिने कार्यक्रमलाई विशेष जोड दिइनेछ ।
- ओमकोट, बजेडी, निमिनी र देनसाइल जस्तै प्राकृतिक प्रकोपको उच्च जोखिन रहेका स्थानबाट एकीकृत बस्तीको अवधारणा अनुसार नगरभित्रै बस्ती स्थानान्तरणका लागि आवश्यक पहल गरिनेछ ।

**१३. कृषि तथा सहकारी**

- सहकारी क्षेत्रमा लगानी गरी घर घरमा भकारी वडामा सहकारी भन्ने मुल नाराका साथ कृषि क्षेत्रको लगानीलाई उच्च प्राथमिकता दिईनेछ ।
- कृषि तथा अन्य सहकारीको माध्यमबाट गाँउ गाँउमा आर्थिक स्रोत संकलन तथा परिचालन गरी युवाहरुलाई उद्यम संचालन गर्न प्रेरित गरिनेछ ।
- बाख्रा, भैसी, बंगुर ,माछा, मौरी, कुखुरा, व्यवसायिक तरकारी खेतीका लागि सहकारी मार्फत सहुलियत ब्यावशायमा ऋण प्रदान गर्नुका साथै दुग्ध सहकारीको स्थापना गरी उत्पादित दुध तथा दुधजन्य बजारको विकास गरी अनुदानको ब्यवस्था गरिने छ ।
- आवश्यकता र औचित्यका आधारमा सहकारी संस्थाहरुबीच एकीकरण तथा समायोजन नीति अवलम्बन गरिनेछ ।
- व्यवसायिक रुपमा कृषिमा संलग्न कृषकलाई उत्कृष्ठ नगर प्रमुख कृषक पुरस्कारवाट सम्मान गरिनेछ साथै कृषकहरुलाई भ्रमणको अवसर समेत प्रदान गरिनेछ ।
- भौगोलिक अवस्था, माटोको गुण र प्राविधिक सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन कार्यक्रम लागु गरी विभिन्न वाली वस्तुको पकेट निर्माण गरी कृषकहरुलाई व्यवसायीक वनाउनुका साथै रोजगारी सृजना गरिने छ । एकवडा एक कृषि व्यवसायिक फर्म कार्यक्रम संचालन गरिनेछ ।
- हाल वाध्यता र औपचारिकता पुरा गर्नका लागी लागु गरेको जस्तो गरिएको कृषक पेन्सन कार्यक्रमलाई सबै पक्षको सुझावका आधारमा आवश्यक परिमार्जन गरी कृषि पेशा प्रतिको आकर्षण वढाई युवाहरुलाई रोजगारी सृजना गर्ने गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गरिने छ ।



CamScanner

- नगरपालीकाका सरोकारवाला निकाय तथा कृषकहरुको आमभेलावाट प्राथमिकता प्राप्त वालीको छनौट गरी ति वालीहरुको न्युनतम समर्थन मुल्य तोकेर त्यसको बजारीकरणको ग्यारेन्टी गरेर उत्पादित कृषि उपज विक्रि नहुने हालको अवस्थालाई पुर्णतया अन्त गरिनुका साथै कृषि उपजको विक्री वितरण हुन नसकेको अवस्थामा स्थानीय सरकारले न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने अवस्थाको सुनिश्चितता गरिनेछ ।
- बुढीगंगा नगरपालिकामा उत्पादित कृषी उपजको भण्डारणका लागि साविकका गा.वि.स.मा एउटा सीत भण्डार केन्द्र स्थापना गरिनेछ ।
- जीविकोपार्जनका लागि गरिदै आएको परम्परागत खेतीलाई आधुनिकीकरण गरी बुढीगंगा विउ उत्पादन केन्द्र स्थापना गरिनेछ ।
- उत्पादनको अवस्था, कृषकहरुको सक्रियता र सम्भाव्यताका आधारमा कृषि उपज संकलन केन्द्र तथा कृषि वजार पुर्वाधारको विकास गरी हाटवजार, खुद्रा तथा थोक बजार संचालन गरी कृषकले उत्पादन गरेको कृषि उपजको सहज रुपमा विक्रि तिवरण गर्ने व्यवस्था मिलाईने छ ।
- वैंक तथा वित्तिय संस्थावाट कृषकहरुलाई न्युनतम १ प्रतिशत व्याजदरमा सहुलियत कृषि कर्जा उपलव्ध गराउने व्यवस्थाका लागि आवश्यक पहल गरिने छ, यसमा १ प्रतिशत भन्दा वढी हुने सम्पुर्ण व्याज नगरपालीकाले अनुदान दिने व्यवस्था गरिने छ ।
- सवै वडामा एक एक वटा नमुना कृषि फार्म स्थापना गरि उक्त फार्मवाट अन्य कृषकलाई वीउ विजन, वेर्ना सुपथ मुल्यमा उपलव्ध गराउनुका साथै उन्नत प्रविधि सिक्ने सिकाई केन्द्रको रुपमा विकास गरिने छ ।
- नगरपालीकाको उपयुक्त स्थानमा एउटा कालिज फार्म स्थापना, सवै वडामा एक एक वटा स्थानीय कुखुरा फार्म स्थापना गरी उपभोक्ताले पैसा तिरेर पनि सहजरुपमा उपभोग गर्न नसकेको लोकल कुखुराको मासुको उपलव्धतालाई सहज वनाईने छ ।
- सम्भाव्याताका आधारमा वाख्रा, कुखुरा, माछापालन र भैसी पालन व्यवसालाई व्यवसायीक वनाई थप व्यवस्थित वनाउन उचित अनुदानको व्यवस्था गरिनेछ ।
- वाँझो तथा सामुदायीक वन र अन्य सडक किनार आसपास र खुला क्षेत्रमा डालेघाँस तथा भुईघाँसको व्यापक खेती गरी पशुपालन व्यवसायलाई थप मजवुत वनाउन अभियानको रुपमा घाँस खेतीलाई प्रवर्द्धन गरिने छ ।
- प्राथमिकता प्राप्त वाली तथा वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न प्रतिफलमा आधारीत प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

- नगरपालीकालाई वीउ विजन र वेर्ना, फलफूल विरुवा तथा पशु नश्लमा आत्मनिर्भर वनाउन आवश्यक कार्यक्रमको तर्जुमा गरी लागु गरिने छ ।
- कृषकलाई सिप र सम्मान, हातमा नगद भकारीमा उत्पादन भन्ने नाराका साथ कृषि पेशावाट पनि सम्मानित जीवन जीउन सकिन्छ भन्ने कुरालाई स्थापित गर्न कृषकहरुको सहभागितामा संघ र प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा विशेष जोड दिईने छ ।
- कृषि तथा पशुपालन सम्वन्धि प्राविधिक सेवालाई पुर्णतया निशुल्क गरी सवै कृषकको पहुँच हुने गरी हरेकको घर र खेतवारीसम्म पुर्याईनेछ ।
- जग्गा भाडामा लिएर कृषि व्यवसाय गर्न चाहने कृषकलाई जग्गा भाडा वापत तिर्नुपर्ने रकमको ५० प्रतिशत अनुदान उपलव्ध गराउनुका साथै सम्पुर्ण प्राविधिक सेवा निशुल्क रुपमा व्यवस्था गरी उत्पादित कृषि उपजको वजारीकरणको व्यवस्था गरिनेछ ।
- परम्परागत खेतीको अन्त्य गरी धान, गहुँको विउ उत्पादन केन्द्रका रुपमा विकास गर्ने । दशवटा वडामा एकएक वटा कृषी र पशुपालनको फर्म स्थापना गरी प्रत्येक फर्ममा एक एक प्राविधिक व्यवस्थापन गर्ने ।
- आवश्यकताका आधारमा सरकारी तथा गैह सरकारी संस्थाहरुको सेवा क्षेत्र विस्तार गरिनेछ ।
- एक घर दश वोट कागती रोप्ने कार्यक्रमलाई व्यवसायिकरुपमा अगाडि वढाईनेछ ।

## १४. मानव सशक्तिकरण र सञ्चार

- नगर क्षेत्रका दलित, महिला, जनजाती तथा बालबालिका र सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति तथा समुदायलाई विशेष सम्मान सहित अग्राधिकार दिईने छ ।
- वडा तथा वस्तीका केन्द्रहरुमा बालबालिका खेल्न र रमाउनका लागि बाल उद्यानको योजना बनाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र अति गरिव तथा असहाय बालबालिकाका लागि अनाथालयको रुपमा रहेको कन्सर्न बाजुरालाई आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाले आफ्नो स्रोत तथा साधनबाट एक स्थानीय रेडियोको स्थापना गरिनेछ जस अन्तगत नगर क्षेत्र भित्र भएका सामाजिक आर्थिक उपार्जनका क्रियाकलापहरुको प्रसारण गरिनेछ ।

- नगर क्षेत्र भित्रका भूमिहिन ,हलिया र खलियाको माध्यमबाट जीवन संचालन गरिरहेका व्यक्तिहरुको पहिचान गरी सीपमुलक तालिम संचालन गरी रोजगारीको सृजना गरिनेछ ।
- नगरपालिकाले बिउ पुँजी स्वरुप बजेटको व्यवस्था गरी बुढीगंगा नगरपालिका असहाय कोष निर्माण गर्ने र नगरभित्र रहेका पूर्ण रुपमा साहारा विहिन व्यक्तिहरुलाई वर्षभरी खान पुग्ने गरी खाद्यान्नको व्यवस्था गरिनेछ ।
- नगर क्षेत्र भित्रका विपद जोखिम क्षेत्रको पहिचान गरी उक्त क्षेत्रमा संम्भावित जोखिम न्युनीकरण गर्न विपद् पुर्व सुचना प्रणालीको स्थापना गरिनेछ ।
- प्रत्येक वडाको बीच केन्द्रमा पुस्तकालय संचालन गरी दैनिक सुचना आदान प्रदान गर्ने केन्द्र संचालन गरी आम नागरिकलाई जनचेतना अभिवृद्धी गरिनेछ ।
- बुढीगंगा सीप विकास केन्द्रको स्थापना गरी बार्षिक २०० जनालाई जीवनोपयोगी सीप हस्तान्तरण गरी स्वरोजगारी सृजना गरिनेछ ।
- पत्रकारहरुको व्यवसायिकता प्रवद्र्धन तथा क्षमता विकासका लागि आवश्यक पहल गरिनेछ ।

**१५. उद्योग तथा कलकारखानाको विकास तथा विस्तार**

- हिजोको वगर, आजको आम्दानीको अवसर भन्ने नाराका साथ सवैको सहभागितामा सार्वजनिक नीजि साझेदारीको अवधारणामा रहेर सेरा वगरमा आधुनिक क्रसर उद्योगको संचालन गरी रोजगारीको अवसर सिर्जना गर्नुको साथै जग्गा वगेर पिडित भएका कृषकहरुलाई प्रतिफलमा आधारीत प्रोत्साहन रकम प्रदान गरिनेछ भने नगरको नियमित आम्दानीको स्रोत निर्माण गरिनेछ ।
- रुदराक्ष, बोधीवृक्ष, रक्तचन्दन लगायतका धार्मिक महत्वका बोटविरुवाहरुको वृक्षारोपण गरी उद्योगको विकास गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका वनहरुमा प्रसस्त मात्रामा पाइने मेललाई कलमी गरी नास्पाती उत्पादन सुरु गर्ने र उक्त उत्पादनबाट वाइन, जाम तथा जेली उद्योग स्थापना गरी रोजगारीका अवसरहरु श्रृजना गरिने छ ।
- उद्योग दर्ता तथा नविकरण कार्यविधि निर्माण गरी सबै खालका उद्योग दर्ता, नविकरण नगरपालिकाभित्र नै गर्ने व्यवस्था गरिनेछ ।
- बुढिगंगा नगरपालिकाभित्र उद्योग स्थापना गर्न चाहाने उद्यागीलाई उद्योगको प्रकृति हेरी एकदेखि दुई वर्षसम्म कर छुट गरिनेछ ।

**१६. शान्ती सुरक्षा तथा समाज विकास**

- नगरपालिकाभित्र रहेको सबै प्रहरी चौकीलाई आधुनिक पुलिसिङ विश्वव्यापी अभ्यास र जनमैत्री बनाउने गरी आवश्यक पहल गरिनेछ ।
- जघन्य अपराध, गुण्डा गर्दी, दमन, शोषण, भ्रष्टाचार आदी जस्ता अमानविय क्रियाकलापहरुको नियन्त्रणका लागि सुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । बजारक्षेत्रमा सिसिटिभि जडान गरिनेछ ।
- नगर क्षेत्रभित्र जाँडरक्सी, जुवा तथा अनावश्यक समय वर्वाद पार्ने खालका खेललाई नियन्त्रण गरिनेछ । कुलतमा फसेका युवाहरुलाई मनेबैज्ञानिक तथा परामर्शजन्य उपचारको व्यवस्था गरिनेछ ।
- नगरभित्र स्थापीत विभिन्न समुह ,क्लब, तथा संजालहरुलाई सशक्तिकरण गरि सामाजिक अभियानका कार्यमा क्रियाशिल बनाईनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई प्रत्येक वडाबाट वितरण गर्ने व्यवस्था गरिनेछ ।
- उपभोक्ता समितिबाट हुने कामलाई सहज बनाउन प्रत्येक वडामा योजनाको सम्झौता गरी अन्तिम भुक्तानीका लागि मात्र नगरपालिकामा आउनु पर्ने व्यवस्था मिलाइनेछ ।

## १७. विज्ञान प्रविधी तथा खोज अनुसन्धान

- प्रत्येक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालको व्यवस्था गरिनेछ ।
- नगर भित्र रहेका प्राविधिक शिक्षालयहरुलाई खोज तथा अनुसन्धानमुलक सिकाई सीपको विकासकालागि विशिष्ट खालको खोज तथा अनुसान्धानमुलक शिक्षा प्रणाली लाई प्राथमिकता दिईनेछ ।
- यस बुढीगँगा नगरपालिकाको क्षेत्रमा भुगर्भको अध्ययनका लागि विषेश व्यवस्था गरिनेछ ।
- पशुपति, त्रिशक्ति मा.वि. मा नयाँ प्राविधिक धारका लागि यसै शैक्षिक सत्रमा पहल गरिनेछ ।

## १८.मनोरञ्जन

- नगरको उपयुक्त ठाउमा स्थानीय र मौलिक संस्कृती झल्किने गरि एउटा–एउटा सुन्दर पार्क निर्माण गरिनेछ ।
- स्विमिङ पुल, बाल उद्यान, फन पार्कहरुको डिपिआर तयार गरी योजना बनाई कार्यान्वयन गरिनेछ ।
- सुविधा सम्पन्न होटेल रेष्टुराँ आदि निर्माणका लागि व्यवसायिक आर्कषण बढाईनेछ ।



CamScanner

**१९. सामाजिक सुरक्षा व्यवस्थापन**

- गरिव, दलित तथा पछाडी पारिएका वर्गका अनाथ तथा असाहाय बालबालिकाका लागि अनाथालय संचालन गरी पठन पाठनको व्यवस्था मिलाईनेछ । असाहाय बृद्धहरुका लागि बृद्धाश्रम, घरेलु हिंसाबाट पीडित महिलाका लागि सेफ हाउस संचालनको व्यवस्था गरिनेछ ।
- अपाँगता भएका व्यक्ति तथा एकल महिलाहरुका लागि सीपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाका टोलमा १–१ वटा मृत्यु संस्कार गृह निर्माण गरिनेछ ।

**२०. सुशासन**

- **"भ्रष्टाचार र अनियमितता , शुन्य सहनशिलता"** भन्ने नारालाई आत्मसाथ गरिनेछ ।
- प्रत्येक ३।३ महिनामा हाम्रो सरकारले गरेका असल कार्यको सार्वजनिक समिक्षा गर्ने व्यवस्था गरिनेछ ।
- वेरुजु न्यूनिकरणमा विशेष पहल गरिनेछ ।
- मुलतःकर्मचारीलाई जनताको काम प्रति जिम्मेवार बनाउनाका लागी कर्मचारी हरुको लागी क्षमता विकाशका कार्यक्रमहरु सन्चालन् गरिनेछ । साथै छिटो छरितो सेवा प्रवाह गर्न जोड दिईनेछ । इमान्दार कर्तव्यनिष्ट ,जनताको काम प्रति जिम्मेवार कर्मचारीलाई पुरस्कारको व्यवस्था र गैर जिम्मेवार कर्मचारीलाई दण्डको नीति अवलम्वन गरिनेछ ।
- इन्टरनेट तथा सामाजिक संजाल, टोल फ्रि नम्वरबाट गुनासा सुन्ने व्यवस्था मिलाईनेछ । उक्त गुनासाहरुको अध्ययन गरि गलत भएको देखिन आएमा दोषी पक्षलाई तत्काल कानुनी दायरामा ल्याईनेछ । नगरपालिकाभित्रका सबै सार्वजनिक संस्थामा गुनासो पेटिका राखी गुनासो उपर छानविन गरिनेछ ।
- नगरपालिकाको सहकार्यमा संचालन गरिएका पूर्वाधार योजनाहरु एवं सहयोगहरुमा नियमित रुपमा सार्वजनिक सुनुवाई एवं सामाजिक परिक्षण गर्ने प्रकृया अनिवार्य रुपमा लागु गरिने छ ।
- जनता एवं सरोकारवालाहरुको व्यापक सहभागीता नगरपालिकाको आवधिक योजना, विभिन्न क्षेत्रको क्षेत्रगत योजना, राजश्व सुधार योजना, क्षमता विकास योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण योजना तयार गरी योजनाले तयार गरेको प्राथमिकताको आधारमा सहभागीतापूर्ण एवं पारदर्शीतापूर्ण प्रकृयाद्धारा योजनाहरुको कार्यान्वयन गरिने छ ।
- सार्बजनिक सम्पत्तिको उचित ब्यबस्थापनका लागि बैज्ञानिक प्रणाली प्रयोग गरिने छ र सार्बजनिक खरिद लाई पारदर्शी र ब्यबस्थित बनाइने छ ।

- गैर सरकारी संस्थाका कार्यक्रमहरु एकद्धवार प्रणाली अनुसार कार्यान्वयन गरिनेछ । नगरसभा बस्नुभन्दा पहिले नै यस नगरपालिकामा काम गर्ने सबै गैर सरकारी संस्थाहरुले आफ्नो वार्षिक कार्यक्रम नगरमा पेश गर्नुपर्नेछ ।
- पैसाले योजना होइन योजनाले पैसा तान्ने व्यवस्था अबलम्बन गरिनेछ ।

२१. विविध बिषयहरु

- **"नगर वसमा सरर, यात्रा गर्ने रहर"** भन्ने नाराका साथ वाध्यतावश निर्णय भएको तर नगर नेतृत्वका कारण हालसम्म पनि कार्यान्वयमा आउन नसकेको वुढीगंगा नगर वस सेवालाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ । यसबाट सबै वुढीगंगावासीलाई सस्तो भाडादरमा सहज र सहुलियतपुर्ण यात्रा गर्न सहयोग पुग्नेछ ।
- **"छोरीको सम्मान, बुढीगंगाको पहिचान"** भन्ने अभियान संचालन गरी लैङ्गिक विभेदको अन्त्यका लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- **"हाम्रो योग्यता, क्षमता र विज्ञता हाम्रै नगरको विकासका लागि"** भन्ने अभियानलाई सार्थक वनाउन वुढीगंगा नगरपालीकाका विभिन्न क्षेत्रका विज्ञ, राजनीतिक नेतृत्व कर्मचारी शिक्षक युवा विद्यार्थीको सहभागीतामा समृद्धी बहस तथा छलफललाई निरन्तरता दिइनेछ ।
- सामाजिक बिकृतिको रुपमा रहेको छाउपडी प्रथाबाट समाजले भोग्ने गरेको शारिरीक तथा मानसिक पिडा न्यूनीकरण गर्न पिडितहरुको अगुवाइमा जनचेतनामुलक कार्यक्रमहरु सन्चालन् गरिने छ ।
- जातिय छुवाछुतको ब्यबहारिक अन्त्यका लागि नागरिक हातेमालो कार्यक्रम संचालन गरिने छ ।
- **"बाहिर मदिरा बन्द, भित्र चलिरहेको छ धन्दा"** भन्ने जस्तै हालको मदिरा बन्दको विवादित निर्णयलाई संशोधन गरी मदिराको कारोवारलाई व्यवस्थित गरी नगरपालिकाको राजस्व आम्दानीमा वृद्धि गर्न हालको मदिराको उपभोग र विक्री भइरहेको मदिरालाई व्यवस्थापन गर्न **"मदिरा नियन्त्रण कार्यविधि"**लाई संशोधन गरी **"मदिरा व्यवस्थापन कार्यविधि"** निर्माण गरी व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्रभित्र तोकिएको समयभित्र निर्माणकार्य सम्पन्न गर्ने निर्माण व्यवसायीहरुमध्ये १ जना व्यवसायिलाई बार्षिक रुपमा सम्मान गरिनेछ ।
- बुढीगंगा नगरपालिकाभित्र उद्योग व्यवसाय गरी नगरपालिकालाई समयमै सबभन्दा बढी कर तिर्ने करदातालाई बार्षिक रुपमा सम्मान गरिनेछ ।

- बुढीगंगा नगरपालिकाका सबै सार्वजनिक निकायहरु काम गर्ने राष्टसेवक कर्मचारीहरुमध्येबाट उत्कृष्ट एकएक जना कर्मचारीलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट सहकारीलाई प्रत्येक वर्ष सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- बुढीगंगा नगरपालिकासँग सहकार्य गरी उत्कृष्ट काम गर्ने गैर सरकारी संस्थाहरुलाई सम्मान गरिनेछ ।

## २२. ऐन, नियम तथा कार्यविधि निर्माण

बुढीगंगा नगरपालिकाको लागि आवश्यक पर्ने देहाय बमोजिमका ऐन, नियम तथा कार्यविधि निर्माण गरिनेछ ।

- नगरप्रोफाईल
- आवधिक योजना
- बाल क्लव स्थापना दर्ता र कार्यान्वयन कार्यविधि
- लैगिक समानता तथा सामाजिक समावेशिकरण नीति
- बालकोष स्थापना र परिचालन कार्यविधि
- स्थानिय तहको वालअधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि
- बाल हेल्प लाईन कार्यविधि
- सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कार्यविधि
- लैगिंक हिसां पिडित तथा अति विपन्न परिवारलाई पुनस्थापना गर्नका लागि सहयोग कार्यविधि
- सामाजिक विभेद निवारण सम्बन्धी नीति
- अपाङ्गता भएका व्यक्तीको स्थानिय नीति
- नगरपालिका क्षमता विकास योजना तथा कार्यक्रम
- जनप्रतिनिधि कर्मचारी क्षमता विकास नीति
- वार्षिक खरिद गुरु योजना
- बजार व्यवस्थापन कार्यविधि
- स्थानिय तह मेलमिलाप नीति
- जोखिम संवेदनशिल भू उपयोग योजना तथा कार्यक्रम
- भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजि साझेदारी नीति
- बालमैति स्थानिय नीति
- योजनाहरुको वातावरण प्रभाव मूल्याङ्कन



CamScanner

- भवन निर्माण मापदण्ड
- फोहोरमैला व्यवस्थापन कार्यविधि
- औधोगिक ग्राम संचालन कार्यविधि
- बातावरणमैत्री स्थानिय नीति
- जोखिम क्षेत्रको नक्साङ्कन
- बातावरण संरक्षण सम्बन्धी नीति
- स्थानिय जनसहभागिता नीति
- अन्तर सरकार समन्वय सम्बन्धी नीति
- अन्तर स्थानिय तह समन्वय तथा सहकार्य सम्बन्धी नीति
- बालुवा उत्खलन तथा क्रसिङ सम्बन्धी नीति
- पारमेडिक्स स्वास्थ्य क्लीनिक संचालन कार्यविधि
- उद्योग दर्ता तथा नविकरण कार्यविधि
- खाद्य सुरक्षा तथा पोषण योजना निर्माण

२३. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको बिकासको आधारशिला खडा हुनेछ । नगरको सेवाको गुणस्तर बृद्धिभई बुढीगंगा नगर सरकार नगरवासीको मानचित्रमा **"उत्कृस्ट नगर सरकार "**को रुपमा अंकित हुनेछ ।

अन्त्यमा, यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट विशिष्ट योगदान प्राप्त हुनेछ भन्ने बिश्वास लिएको छु । नगरको विकासमा योगदान पुर्याउन तत्पर रहनु भएका सम्पूर्ण जनप्रनिधिज्यूहरु , रास्ट्र सेवक कर्मचारी, निजि क्षेत्र, सहकारी तथा संघ संस्था, नागरिक समाज, राजनैतिक दल, वुद्धिजीवी,पत्रकार,सुरक्षा निकाय तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

राम बहादुर बानियाँ
नगर प्रमुख